नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.................................शाखा)

प.सं.:

च.नं.:

**प्रेस विज्ञप्ति**

सिंहदरबार, काठमाण्डौ

१६ अक्टुवर २०२३, तद्नुसार २९ आश्विन २०८० का दिन माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धन राज गुरुङले एशियाली अफ्रिकी कानूनी परामर्शदातृ संगठन (AALCO) को इण्डोनेसियाको वालीमा आयोजित ६१ औं अधिवेशनलाई सम्वोधन गर्नु भयो। एशियाली अफ्रिकी परामर्शदातृ संगठनको स्थापना सन् १९५५ मा वांगडुंङमा सम्पन्न सम्मेलनको उपजको रुपमा सन् १९५६ मा भएको हो । यस संस्थाको स्थापनाको उद्देश्य अन्तर्राष्ट्रिय कानूनको निर्माणमा एशियाली अफ्रिकी देशहरुको साझा हित, स्वार्थ र धारणालाई प्रतिविम्वित गर्नु हो । यसले अन्तर्राष्ट्रिय कानून आयोग (ILC) मा विचाराधीन कानूनका विषय तथा अन्तर्राष्ट्रिय जगतमा सृजना भएका नयाँ समस्याहरु जसको समाधान अन्तर्राष्ट्रिय कानूनको माध्यमवाट गर्नु पर्दछ त्यस्ता विषयमा छलफल गरी एशियाली अफ्रिकी देशहरुको साझा धारणा पेश गर्नु रहेको छ ।

यस ६१ औं अधिवेशनमा अन्तर्राष्ट्रिय कानून आयोगमा विचाराधीन विषयहरु, सामुद्रीक कानून, वातावरण र दिगो विकास, लगानी र व्यापार सम्वन्धी अन्तर्राष्ट्रिय कानून, लगायत अवैध तरिकाले अर्को देशमा लगेको सम्पत्ति फिर्ता ल्याउने (Asset Recovery) सम्वन्धी व्यवस्था, अन्तरिक्षको प्रयोग सम्वन्धी कानूनी व्यवस्था, संयुक्त राष्ट्र संघीय व्यापार कानून सम्वन्धी आयोगको विवाद समाधान सम्वन्धी नियममा गर्नु पर्ने संशोधन एवं अन्तर्राष्ट्रिय साइवर कानून जस्ता विषयमा छलफल गर्ने कार्यक्रम रहेको छ ।

कार्यक्रममा नेपालको अवधारणा राख्रु हुँदै मन्त्री गुरुङले ६१ औं अधिवेशमा निर्वाचित हुनु भएकोमा इण्डोनेशियका कानून तथा मानव अधिकार मन्त्री श्री यशोना लावलीलाई वधाई दिदै नेपालले सधै संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रय कानून तथा वांगडुंङ सम्मेलनका मूल्य मान्यतालाई अंगीकार गरी आएको र यी मूल्य मान्यताहरु आज अझ वढी सान्दर्भिक भएको कुरा वताउनु भयो । हालै मध्यपूर्वमा भएको आक्रमणमा दश जना अध्ययन गर्न गएका निर्दोष नेपाली विद्यार्थी मारिएको र एक जना वेपत्ता भएको कुरा वताउदै हिंसाले हिंसा जन्माउने र त्यसले सवैलाई हानी गर्ने हुँदा नेपालले सधै संयुक्त राष्ट्र संघ तथा अन्तर्राष्ट्रिय कानूनका मूल्य र मान्यता अनुरुप शान्तिको वाटो अवलम्वन गर्नु पर्ने मान्यता राखेको कुरा वताउनु भयो ।

नेपालले हाल प्रजातान्त्रिक संविधानको तर्जुमाद्वारा मानव अधिकार र आधारभूत स्वतन्त्रताहरुलाई मौलिक हकको रुपमा प्रत्याभूत गरी विगतको द्वन्दवाट सृजित समस्याहरुलाई सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा संशोधन गरी अन्तर्राष्ट्रिय कानूनका मूल्य मान्यता, सर्वोच्च अदालतको फैसला, पीडितहरुको सरोकार र वृहत शान्ति सम्झौताका मूल्य मान्यता अनुरुप समाधानको प्रकृयामा रहेको कुरा जानकारी गराउनु भयो ।

फोन : ०१-४२००२२५, ४२११९७४, ४२११९७८, फ्याक्स नं.: ०१-४२११६८४, इमेलः infolaw@moljpa.gov.np

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.........................................शाखा)

प.सं.: सिंहदरबार, काठमाण्डौ

च.नं.:

समुद्र सम्वन्धी कानूनका सम्वन्धमा खास गरी सामुद्रिक कानून सम्वन्धी संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत वनेको राष्ट्रिय क्षेत्राधिकार वाहिरको सामुद्रीक वातावरण र जैविक विविधता संरक्षणका लागि वनेको (BBNJ) सम्झौतामा पक्ष वनी सवै सदस्यहरुले त्यसलाई कार्यान्वयन गर्नु पर्ने कुरा वताउनु भयो । जलवायु परिवर्तनले हिमालय पग्लिएर त्यस क्षेत्रका वासिन्दाको जिविकोपार्जन र पारिस्थिकीय प्रणालीमा असर गर्नुका अतिरिक्त सामुद्रिक सतह वढ्न गै समस्या सिर्जना गरेकोले जलवायु परिवर्तन गर्न योगदान गर्ने क्लोरोफोरो कार्वन उत्सर्जन घटाउन गरेको प्रतिवद्दता सवै मुलुकहरुले पुरा गर्नु पर्ने, नेपालले सन् २०४५ सम्ममा उत्सर्जन शुन्यमा झार्ने निर्णय गरेको तर त्यसका लागि अतिकम विकसित तथा जलवायु परिवर्तनवाट जोखिममा परेका देशलाई आर्थिक सहयोग गर्ने प्रतिवद्ता पनि विकसित मुलुकहरुले पुरा गर्नु पर्ने कुरा राखु भयो । साथै, जलवायु परिवर्तन गर्न योगदान गर्ने पदार्थको उत्सर्जन नगन्य मात्रामा गर्ने नेपाल जस्ता देशलाई त्यसको नकारात्मक प्रभाववाट पीडित गराउन नहुने धारणा राखु भयो । मन्त्री गुरुङले त्यसका अतिरिक्त विश्व व्यापार संगठन तथा अन्य वहु पक्षीय तथा क्षेत्रिय कानूनी संरचनाहरुले नेपाल जस्ता मुलुकहरुलाई कुनै फाइदा दिन नसकेको सन्दर्भमा यस प्रकारका कानूनी व्यवस्थाको कार्यान्वयन कसरी भएको छ भन्ने विषयमा पनि अध्ययन गर्न एशियाली अफ्रिकी कानूनी परामर्शदातृ संगठन (AALCO) लाई आव्हान गर्नु भयो ।

सन् १९७१ मा नेपाल एशियाली अफ्रिकी कानूनी परामर्शदातृ संगठन (AALCO) को सदस्य भएको हो । यसको चौवीसौं अधिवेशन सन् १९८५ को फेव्रुअरी ७-१४ सम्म काठमाण्डौमा आयोजना गरिएको थियो । यो अधिवेशन यही अक्टुवर २० तारिखसम्म चल्ने कार्यक्रम रहेको छ ।

२०८०।६।३०

मिति: २०८०/०६/३०

सीता पुन श्रीस

उप सचिव / सूचना अधिकारी

फोन : ०१-४२००२२५, ४२११९७४, ४२११९७८, फ्याक्स नं.: ०१-४२११६८४, इमेल: infolaw@moljpa.gov.np